(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

# KARNALI ACADEMY OF HEALTH SCIENCES

**कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ तथा नियमावली २०६९ तथा कर्मचारी सेवाका, शर्त र सुविधा सम्बन्धी नियमावली २०६९ को आधारमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिक्षण अस्पताल जुम्लाको सामाजिक सञ्जाल तथा विद्युतीय माध्यम प्रयोग तथा उपयोग सम्बन्धी आचारसंहिता, २०८०**

१) यस कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिक्षण अस्पताल जुम्लामा कार्यरत सम्पूर्ण पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुले समाजिक सञ्जाल तथा विद्युतीय सञ्चार माध्यममा लेख्दा तथ्यपरक सान्दर्भिक विषयवस्तु मात्र राख्नु पर्नेछ ।

२) सामाजिक सञ्जालमा कुनै पनि विषयवस्तु राख्दा वा सार्वजनिक गर्दा नेपालको संविधान प्रदत्त हकको अधिनमा रही संस्थागत असर नपर्ने विषयवस्तु मात्र राख्न पाइनेछ ।

३) कुनै पनि पार्टीको मात्र पक्षपोषण हुने/गर्ने, समाजमा शान्ति सुव्यवस्थामा खलल पुग्ने, कसैको चरित्र वा प्रतिष्ठामा आँच आउने र कुनै पनि बिबादीत बिषयबस्तु तथा कानुनी दृष्टिकोणले सुल्फिन बाँकी रहेका विषयहरुमा टिकाटिप्पणी वा राय समाजिक सञ्जाल तथा विद्युतीय सञ्चार माध्यममा वा सार्वजनिक कार्यक्रमहरुबाट अभिव्यक्त गर्न पाईने छैन ।

४) संस्था तथा संस्थामा कार्यरत पदाधिकारी वा माथिल्लो निकाय, सहकर्मी कर्मचारी तथा आफू मातहतको कुनै पनि कर्मचारीलाई कुनै पनि पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुले व्यक्तिगत आक्षेप लाग्ने खालका सामग्री प्रकाशन तथा प्रसारण गर्न पाइने छैन ।

५) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिक्षण अस्पताल जुम्लाको हित विपरितका कुनै पनि सामग्री सामाजिक सञ्जाल वा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशन प्रसारण गर्न पाइने छैन ।

६) आफ्नो पदीय मर्यादा विपरित कुनै पनि विषयवस्तु सामाजिक सञ्जालमा राख्न पाइने छैन ।

७) यस कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिक्षण अस्पताल जुम्लामा कार्यरत शिक्षक तथा कर्मचारी जो कोहीले आफ्नो शाखा वा कार्यक्षेत्रमा रहेका कार्यालयीय गोपनीयता भङ्ग हुने कुनै पनि सामग्री सामाजिक सञ्जाल वा विद्युतीय सामग्री मार्फत प्रकाशन वा प्रसारण गर्न पाइने छैन ।

८) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिक्षण अस्पताल जुम्लासंग सम्वन्धित कुनै सूचना, समाचार सम्वन्धी जानकारी संस्थाको आधिकारिक सूचना अधिकारी वा प्रवक्ता मार्फत मात्र सूचना प्राप्त गर्न सकिने भएकाले जो कसैले आधिकारिक सूचनामा जानकारी दिन पाइने छैन ।

माथि उल्लेखित आचार संहिता प्रतिष्ठानको कार्यकारी परिषदको मिति २०८० भाद्र २५ गतेको निर्णय वमोजिम पारित भएको जानकारी सहित माथि उल्लेखित तोकिएको कार्य कोही कसैबाट हुन गएमा नेपाल सरकारको प्रचलित नियम कानुन वमोजिम, प्रतिष्ठानको ऐन, नियमावली अर्न्तगत रहि कानुनि कारवाही गर्ने व्यहोरा सम्वन्धित सम्पूर्णमा जानकारी गराईन्छ ।

२०८०।०५।३१

प्रधान कार्यालय : चन्दननाथ नगरपालिका-२ जुम्ला, कर्णाली, नेपाल फोन नं ०८७-५२०३५५, फ्याक्स नं ०८५-५२०३५५ Email : info@kahs.edu.np,
Website : www.kahs.edu.np सम्पर्क कार्यालय : दन्तकाली मार्ग २९, सेतोपुल मैतिदेवी काठमाण्डौं फोन न. ०१-४५२७१२०, फ्याक्स नं. ०१- ४५२७१२०

Scanned with CamScanner